# कोन्ज्योसोम गाउँपालिका, ललितपुरका अध्यक्ष श्री कृष्णमान लामाज्यूले मिति २०८३ असार ०९ गते कोन्ज्योसोम गाउँपालिकाको गाउँसभाको १८ औं अधिवेशनमा पेशगर्नु भएको

# बार्षिक नीति तथा कार्यक्रम

कार्यक्रमका प्रमुख अतिथिको रुपमा पाल्नुभएका पन्चकन्याका समुह,

उपाध्यक्षज्यू,
वडा अध्यक्षज्यूहरू,

गाउँसभा सदस्यज्यूहरू,

राजनीतिकदलका प्रतिनिधिज्युहरु
कार्यपालिका सदस्यज्यूहरू,
राष्ट्रसेवक कर्मचारीहरू,

विद्यालयका प्रधानाध्यापकज्युहरु,

बिभिन्न संघ संस्थाका प्रतिनिधिज्युहरु
सुरक्षाकर्मी, सञ्चारकर्मी, नागरिक समाजका प्रतिनिधिहरू तथा सम्पूर्ण कोन्ज्योसोमवासी दिदीबहिनी तथा दाजुभाइहरू।

म यस गरिमामय सभाको १८ औ अधिवेशनको अवसरमा कोन्ज्योसोम गाउँपालिकाको अध्यक्षको हैसियतले आर्थिक वर्ष २०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु।

कोन्ज्योसोम गाउँपालिकाले अङ्गीकार गरेको **"कृषि, पर्यटन, संस्कृति, वातावरण र पूर्वाधार; सुशासनयुक्त, सभ्य र समृद्ध कोन्ज्योसोमको आधार"** भन्ने मूल अवधारणा तथा दीर्घकालीन सोचलाई मार्गदर्शनका रूपमा आत्मसात गर्दै गाउँपालिकाको समग्र विकास, सुशासन प्रवर्द्धन र नागरिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने उद्देश्यका साथ हामी आज यस ऐतिहासिक गाउँ सभाको १८ औ अधिवेशन सम्पन्न गर्न गइरहेका छौं।

यस महत्वपूर्ण अवसरमा सर्वप्रथम नेपालको राष्ट्रिय एकता, सार्वभौमसत्ता, लोकतान्त्रिक गणतन्त्र तथा समृद्ध राष्ट्र निर्माणको अभियानमा विभिन्न कालखण्डमा भएका राजनीतिक आन्दोलन, जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन ,Gen-Z युवा आन्दोलन तथा अन्य लोकतान्त्रिक संघर्षहरूमा आफ्नो अमूल्य

जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, लोकतान्त्रिक आन्दोलनका क्रममा घाइते हुनुभएका योद्धाहरू, बेपत्ता नागरिक तथा उहाँहरूका परिवारजनप्रति उच्च सम्मान व्यक्त गर्दछु।

लोकतान्त्रिक शासन व्यवस्थाको सुदृढीकरण, सुशासनको प्रवर्द्धन तथा जनअपेक्षाअनुरूप सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने सन्दर्भमा पछिल्लो समय नेपाली समाज, विशेषतः युवा पुस्ताबाट उठिरहेका आवाज र सुझावहरूलाई हामीले गम्भीरतापूर्वक आत्मसात गरेका छौं। विशेषगरी २०८२ भदौ २३ र २४ गते भएको Gen-Z युवा आन्दोलनले सुशासन, पारदर्शिता, जवाफदेहिता, रोजगारी सिर्जना, गुणस्तरीय शिक्षा तथा प्रभावकारी सार्वजनिक सेवा प्रवाहप्रतिको युवापुस्ताको चासो र अपेक्षालाई थप मुखरित गरेको छ। लोकतान्त्रिक मूल्य मान्यता र संवैधानिक व्यवस्थाप्रति पूर्ण प्रतिबद्ध रहँदै स्थानीय सरकारका रूपमा हामी युवाहरूको ऊर्जा, सिर्जनशीलता, नवप्रवर्तनशील सोच र रचनात्मक सुझावलाई विकास प्रक्रियाको मूल प्रवाहमा समेट्ने तथा प्रविधिमैत्री, उत्तरदायी र सहभागितामूलक शासन प्रणालीको विकासमा निरन्तर क्रियाशील रहने प्रतिबद्धता व्यक्त गर्दछु।

व्यावसायिक कृषि, पर्यटन प्रवर्द्धन, दिगो पूर्वाधार विकास तथा आधुनिक प्रविधिको प्रभावकारी उपयोगमार्फत समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो साझा लक्ष्य अनुरूप आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरणका माध्यमबाट सामाजिक न्यायसहित

गाउँवासीको समृद्धि, खुसी र गुणस्तरीय जीवनयापन सुनिश्चित गर्ने दिशामा हामी निरन्तर अग्रसर रहेका छौं। उपलब्ध सीमित स्रोत साधनको अधिकतम उपयोग गर्दै नागरिकले प्रत्यक्ष रूपमा अनुभूति गर्न सक्ने गरी महत्त्वपूर्ण तथा रूपान्तरणकारी योजना तथा कार्यक्रमहरू कार्यान्वयन भइरहेका छन् भने कतिपय योजनाहरू सम्पन्न हुने चरणमा रहेका छन्।

नेपालको संविधानले परिकल्पना गरेअनुसार स्थानीय तहलाई जनताको सबैभन्दा नजिकको सरकारका रूपमा स्थापित गर्दै सेवा र विकासलाई नागरिकको घरदैलोसम्म पुऱ्याउने उद्देश्यका साथ सम्पन्न स्थानीय तह निर्वाचन २०७९ मार्फत जनताले हामीलाई स्थानीय सरकार सञ्चालनको महत्वपूर्ण जिम्मेवारी प्रदान गर्नुभएको छ। जनताबाट प्राप्त यस विश्वास र जिम्मेवारीलाई आत्मसात गर्दै हाम्रा प्रतिबद्धताहरूलाई व्यवहारमा रूपान्तरण गर्ने दृढ संकल्पका साथ सीमित स्रोत—साधन, चुनौतीपूर्ण भौगोलिक अवस्था तथा विविध कठिनाइहरूका बाबजुद जनअपेक्षाअनुरूपको कोन्ज्योसोम निर्माणको अभियानलाई निरन्तरता दिन गाउँपालिका सरकार प्रतिबद्ध रहेको व्यहोरा सम्मानित गाउँसभा समक्ष व्यक्त गर्न चाहन्छु।

भौगोलिक विविधता, प्राकृतिक सौन्दर्य, जातीय, भाषिक तथा सांस्कृतिक बहुलताले सम्पन्न हाम्रो गाउँपालिकामा सामाजिक सद्भाव, धार्मिक सहिष्णुता तथा सांस्कृतिक सहअस्तित्वमा आधारित एकताबद्ध, सभ्य, सुसंस्कृत र विभेदरहित समाज निर्माण हाम्रो प्राथमिकतामा रहेको छ। गाउँपालिकाभित्र उपलब्ध

स्रोत, साधन र सम्भावनाको अधिकतम उपयोग तथा न्यायोचित वितरणमार्फत कर्मचारी, जनप्रतिनिधि, राजनीतिक दल, स्थानीय समुदाय, विकास साझेदार संस्था तथा सम्पूर्ण सरोकारवालाहरूको सहकार्यमा कोन्ज्योसोम गाउँपालिकालाई नमूना स्थानीय सरकारका रूपमा स्थापित गर्ने अभियानमा हामी निरन्तर क्रियाशील रहेका छौं।

बिगत २०८१ साल असोज ११ र १२ तथा २०८२ असोज १७,१८ र १९ गतेको अविरल वर्षा तथा त्यसबाट सिर्जित विपद्का कारण गाउँपालिकाले ठूलो धनजनको क्षति व्यहोर्नुपरेको यथार्थ हामी सबैमाझ विद्यमान छ। उक्त विपद्ले हाम्रो विकास यात्रामा केही अवरोध उत्पन्न गरे तापनि प्रभावित क्षेत्रको पुनर्निर्माण, पुनर्स्थापना तथा पूर्वाधार पुनःस्थापनाका कार्यहरूलाई प्राथमिकताका साथ अगाडि बढाइएको छ। आगामी केही वर्षभित्र विपद्पूर्वको अवस्थालाई पुनःस्थापित गर्दै अझ सुरक्षित, सबल र उत्थानशील कोन्ज्योसोम निर्माण गर्ने लक्ष्यका साथ गाउँपालिका क्रियाशील रहेको जानकारी गराउन चाहन्छु।

पुनर्स्थापना तथा पुनर्निर्माणका कार्यहरू प्रभावकारी रूपमा सम्पन्न गर्दै जनजीवनलाई क्रमशः सामान्य अवस्थामा फर्काउने कार्यमा गाउँपालिका सफल भएको छ। यस कठिन घडीमा सहयोग पुर्‍याउनुहुने संघीय सरकार, प्रदेश सरकार, छिमेकि स्थानीय तह (गोदावरी न.पा ,ललितपुर म.न.पा), विकास साझेदार संस्था, सुरक्षा निकाय, स्वयंसेवक, सञ्चार क्षेत्र तथा सम्पूर्ण सहयोगी महानुभावहरूप्रति गाउँपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु ।

स्थानीय सरकारको नेतृत्वदायी भूमिकामा रहँदै हाम्रो पहल, समन्वय र सहजीकरणमा संघीय सरकार, प्रदेश सरकार तथा विभिन्न विकास साझेदार संस्थाहरूसँगको सहकार्यबाट गाउँपालिकाको समग्र विकाससँग सम्बन्धित अल्पकालीन तथा दीर्घकालीन महत्त्वका विभिन्न आयोजना तथा परियोजनाहरू कार्यान्वयनको चरणमा रहेका छन्। गाउँपालिकाको समृद्धि, दिगो विकास र नागरिक जीवनस्तरमा गुणात्मक सुधार ल्याउने उद्देश्यले सञ्चालित यस्ता कार्यक्रम तथा परियोजनाहरूलाई आगामी दिनमा समेत निरन्तरता दिँदै थप प्रभावकारी बनाइने प्रतिबद्धता व्यक्त गर्दछु ।

गाउँसभाका सदस्यज्यूहरू,

अब म यस गाउँपालिकाको वर्तमान नेतृत्व निर्वाचित भई जिम्मेवारी सम्हालेपश्चात विभिन्न क्षेत्रहरूमा हासिल भएका मुख्य उपलब्धिहरूको संक्षिप्त जानकारी सम्मानित गाउँसभा समक्ष प्रस्तुत गर्न चाहन्छु।

हामीले जनतासँग गरेका प्रतिबद्धतालाई व्यवहारमा रूपान्तरण गर्ने उद्देश्यका साथ कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार, सुशासन, संस्कृति, पर्यटन, खानेपानी, सामाजिक सुरक्षा तथा संस्थागत विकासका क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेका छौं। सीमित स्रोत—साधन, चुनौतीपूर्ण भौगोलिक अवस्था तथा विपद्पछिको पुनर्निर्माणको जिम्मेवारीका बाबजुद पनि गाउँपालिकाले विकास र सेवा प्रवाहका क्षेत्रमा सकारात्मक उपलब्धि हासिल गरेको छ।

आर्थिक विकासतर्फ, रास्ट्रिय रोजगार  प्रवर्द्धन कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार युवामध्ये ४९ जनालाई रोजगार आयोजनामार्फत रोजगारी उपलब्ध गराइएको छ। कृषि तथा पशुपालन क्षेत्रमा उत्पादन वृद्धि, व्यवसायीकरण तथा आयआर्जन अभिवृद्धिका लागि उन्नत जातका भैंसी, बाख्रा तथा बोका पालन, मौरीपालन, खेती विस्तार, नगदेबाली प्रवर्द्धन, भकारो सुधार लगायतका कार्यक्रम सञ्चालन गरिएका छन्। पशु बीमा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट करोडौं रुपैयाँ बराबरको पशुधन सुरक्षित भएको छ भने गाउँपालिकाले एकीकृत बिकास कार्यक्रम अन्तर्गत  होम स्टे व्यवथापन तथा रैथानेबाली प्रवर्धनको लागि  तालिम ,,सिप बिकासका लागि एडभान्स ब्युटीसियन तालिम समेत प्रदान गरिएकोले  कृषकको आर्थिक जीवनस्तर सुधार हुँदै गएको छ।

वास्तविक कृषकहरूको पहिचान र वर्गीकरणका लागि कृषक तथ्याङ्क संकलन तथा सूचीकरणको कार्य सम्पन्न गरिएको छ। नेपालको पहिलो सामुदायिक बीउ बैंकका रूपमा परिचित दलचोकी सामुदायिक बीउ बैंकलाई गाउँपालिकाको स्वामित्वमा सञ्चालन गर्ने गरी आवश्यक कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। स्थानीय रैथाने बालीको संरक्षण, प्रवर्द्धन र बजारीकरणका लागि “रैथाने हाटबजार” सञ्चालनमा ल्याइएको छ। स्थानीय उत्पादनमा आधारित घरेलु उद्यम तथा परम्परागत उत्पादनहरूको ब्राण्डिङ र बजारीकरणका लागि नीतिगत व्यवस्था गरिएको छ।

सामाजिक विकासतर्फ, विद्यालयमा कार्यरत बाल विकास सहजकर्ता, कार्यालय सहयोगी तथा कर्मचारीहरूको सेवा—सुविधामा सुधार गरिएको छ। शैक्षिक गुणस्तर सुधारका लागि शिक्षक क्षमता विकास, मातृभाषा तथा विषयगत शिक्षक तालिम, नमुना विद्यालय विकास कार्यक्रम लगायतका कार्यक्रम सञ्चालन गरिएका छन्। प्राविधिक तथा उच्च शिक्षामा पहुँच विस्तार गर्न विभिन्न विषय अध्ययनरत विद्यार्थीहरूलाई पूर्ण तथा आंशिक छात्रवृत्ति उपलब्ध गराइएको छ। माध्यमिक तहसम्म निःशुल्क शिक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिएको छ । विभिन्न चरणहरुमा बिषयबिज्ञ सहित सरोकारवालाहरुको सहभागितामा घनिभूत छलफल हुदै गाउँशिक्षा योजना निर्माणको कार्य सम्पन्न भएको छ ।

स्थानीय पाठ्यक्रम विकास गरी कक्षा ८ सम्म कार्यान्वयनमा ल्याइएको छ। विद्यालय, शिक्षक, कर्मचारी, विद्यार्थी तथा खेलाडीहरूलाई नतिजामा आधारित सम्मान तथा पुरस्कार प्रदान गर्ने प्रणालीको सुरुवात गरिएको छ ।

भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनका लागि कोन्ज्योसोम प्रज्ञा प्रतिष्ठान गठन भई सक्रिय रूपमा कार्यरत रहेको छ। प्रतिष्ठानमार्फत “कोन्ज्योसोम वाङ्मय” प्रकाशन गरिएको छ भने साहित्यिक प्रतियोगिता, पुस्तक प्रकाशन तथा स्थानीय सांस्कृतिक गतिविधिहरूलाई प्रोत्साहन प्रदान गरिएको छ ।

स्वास्थ्य क्षेत्रतर्फ, हामी निर्वाचित भएलगत्तै पहिलो निर्णयका रूपमा सुरु गरिएको ज्येष्ठ नागरिक, सुत्केरी महिला, अपाङ्गता भएका व्यक्ति तथा अशक्त नागरिकका लागि निःशुल्क एम्बुलेन्स सेवा कार्यक्रमबाट नागरिकहरु प्रत्यक्ष लाभान्वित भएका छन्। गाउँपालिकाबाट बिभिन्न औषधि निःशुल्क वितरण भइरहेको छ। महिला स्वास्थ्य स्वयंसेविका, अपाङ्गता भएका व्यक्ति तथा सामाजिक क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तिहरूलाई सम्मान गर्ने कार्यक्रमको समेत सुरुवात गरिएको छ।

पूर्वाधार विकासतर्फ, गाउँ गौरवका आयोजनाहरूलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिएको छ। नल्लुखोला करिडोर सडकलाई विस्तार गरी कान्छाकाजी सिकारीको घरदेखि वातिस्योङ हुँदै बासुकी दोभानसम्म स्तरोन्नति कार्य अघि बढाइएको छ। बुर्चेको मोडदेखि भट्टेडाँडा ड्यामसम्मको सडक तथा कोन्ज्योसोम प्रतिमा—चौघरे—दलचोकी—थामभञ्ज्याङ सडकलाई रूपान्तरणकारी परियोजनाका रूपमा अगाडि बढाइएको छ।

खानेपानी क्षेत्रमा कालापानी—भूमिथुम्का लिफ्टिङ खानेपानी आयोजना सम्पन्न भई सञ्चालनमा आएको छ। भेडेखर्क—डोल—फुलबारीडाँडा खानेपानी आयोजना तथा महभीरखोल्सा—दलचोकी भ्यू टावर खानेपानी आयोजनाको निर्माण सम्पन्न भई सञ्चालन प्रक्रियामा रहेका छन्। पर्यटन तथा धार्मिक क्षेत्रको विकासका लागि शंखु छ्योर्देन, दलचोकी भ्यू टावर, कोन्ज्योसोम प्रतिमा क्षेत्र तथा काम्लेचौर खेलकुद मैदानलाई प्राथमिकताका साथ अगाडि बढाइएको छ। साथै "कोन्ज्योसोम भ्रमण वर्ष २०८३" को अवधारणा कार्यान्वयनमार्फत गाउँपालिकाको पर्यटन प्रवर्द्धन, धार्मिक—सांस्कृतिक पहिचान सुदृढीकरण तथा आन्तरिक तथा बाह्य पर्यटक आकर्षण तथा आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

सडक पूर्वाधारतर्फ चालु आर्थिक वर्षमा मात्र ५.९  किलोमिटर सडक स्तरोन्नति, ०.९६ किलोमिटर ढलान सडक निर्माण तथा थप ४.५  किलोमिटर नयाँ कच्ची सडक निर्माण सम्पन्न भएको छ। संघीय तथा प्रदेश सरकारको सहयोगमा लेले—चन्दनपुर सडक, मध्यमार्गी सडक निर्माणका लागि ठेक्का प्रक्रिया अगाडि बढि काम भैरहेको  छ भने बिर्खेधारा—दलचोकी—शंखु—इकुडोल पक्की सडक निर्माण कालोपत्रे हुने क्रममा रहेको छ । सिलिङ्गे बस्ती संरक्षणको लागि प्लम्ब वाल तथा ग्याबिन जाली राख्ने कार्य अन्तिम चरणमा रहेको छ ।भारदेउ स्वास्थ्य चौकीको भवन निर्माणको लागि ठेक्का सम्झौता भई निर्माण कार्य अगाडी बढीरहेको छ ।

भवन निर्माणतर्फ, बिष्णुमाया  स्मृति शंखु आधारभूत अस्पताल भवन निर्माण सम्पन्न भई आवश्यक औजार उपकरण फर्निचर र औषधी समेत खरिद भई अस्पताल संचालनमा रहेको  छ। मगरगाउँ माध्यमिक विद्यालयको छात्रावास भवन अन्तिम चरणमा रहेको , गोठभञ्ज्याङ माध्यमिक विद्यालयको नयाँ भवन निर्माण आगामी आ.व सम्पन्न गर्ने लक्ष्य रहेको छ  भने गुसेश्वर माध्यमिक विद्यालय भवन र बाघभैरब माध्यमिक बिद्यालय  भवन तल्ला थप कार्य सम्पन्न भएको छ।  नल्लु वडा कार्यालय

भवन निर्माण सम्पन्न भई हस्तान्तरण भैसकेको छ। मनकामना मन्दिर  र नगरकोटि महिला भवन निर्माण कार्य अगाडि बढिरहेको छ।

सुशासन तथा संस्थागत क्षमता विकासतर्फ, गाउँपालिकाले उल्लेखनीय उपलब्धि हासिल गरेको छ। गत आर्थिक वर्षको अन्तिम लेखापरीक्षणमा वित्तीय अनुशासन कायम राख्दै आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन सफलता प्राप्त भएको छ। स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) मा ७२.६ अंक प्राप्त गर्दै कोन्ज्योसोम गाउँपालिका ललितपुर जिल्लाका स्थानीय तहमध्ये उत्कृष्ट तथा अग्रणी स्थानीय तहको रूपमा स्थापित हुन सफल भएको छ। यो उपलब्धिले सुशासन, पारदर्शिता र प्रभावकारी सेवा प्रवाहप्रतिको हाम्रो प्रतिबद्धतालाई थप सुदृढ बनाएको छ। गाउँपालिका तथा मातहतका निकायहरूमा विद्युतीय हाजिरी प्रणाली लागू गरिएको छ। वडा स्तरमा समेत सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, त्रैमासिक तथा वार्षिक समीक्षा, नीति तथा बजेट पुस्तिका प्रकाशन, योजना सम्झौतादेखि फरफारकसम्मको अभिलेखीकरण, विपद् पोर्टल निर्माण  तथा कार्यसञ्चालन पात्रो कार्यान्वयन जस्ता कार्यहरूले पारदर्शिता, उत्तरदायित्व र सुशासन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएका छन्।

गाउँपालिकाको आर्थिक, सामाजिक, भौगोलिक तथा विकास सम्बन्धी आधारभूत तथ्याङ्क संकलन गरी विस्तृत वस्तुस्थिति विवरण तयार गरिएको छ र त्यसलाई डिजिटल प्रणालीमा रूपान्तरण गरिएको छ । सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी र प्रविधिमैत्री बनाउन आवश्यक ऐन, नियम, कार्यविधि तथा नीतिगत व्यवस्थाहरू निर्माण तथा अद्यावधिक गरिएको छ।

**"हामीले भौतिक पूर्वाधार निर्माणलाई मात्र विकासको मापनका रूपमा नलिई सुशासन, संस्थागत क्षमता विकास, डिजिटल रूपान्तरण, कृषि आधुनिकीकरण, सामाजिक न्याय, शिक्षा तथा स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धिलाई समेत समान प्राथमिकतामा राखेका छौं। यस अवधिमा गाउँपालिकाले प्राप्त गरेका संस्थागत उपलब्धि, उत्कृष्ट कार्यसम्पादन मूल्याङ्कनका नतिजा, सेवा प्रवाहमा भएको सुधार, विपदपछिको पुनर्स्थापना तथा स्थानीय सम्भावनामा आधारित आर्थिक विकासका प्रयासहरूले कोन्ज्योसोमलाई सक्षम, आत्मनिर्भर र समृद्ध गाउँपालिकाको रूपमा स्थापित गर्ने आधार तयार भएको विश्वास लिएको छु।"**

गाउँसभाका सदस्यज्यूहरू,

यी उपलब्धिहरू केवल गाउँपालिका सरकारका उपलब्धि मात्र होइनन्; यो सम्पूर्ण कोन्ज्योसोमवासी जनताको साझा प्रयास, विश्वास र सहकार्यको परिणाम हो। आगामी दिनमा पनि यही एकता, सहकार्य, पारदर्शिता र विकासप्रतिको प्रतिबद्धतालाई अझ सशक्त बनाउँदै समृद्ध, सुशासित, आत्मनिर्भर र नमुना कोन्ज्योसोम निर्माणको यात्रालाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्दछु।

यस उपलब्धिको यात्रामा साथ, सहयोग, सुझाव र सहकार्य गर्नुहुने संघीय सरकार, प्रदेश सरकार, छिमेकि स्थानीय तह, विकास साझेदार संस्था, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, शिक्षक, बुद्धिजीवी, सञ्चारकर्मी, नागरिक समाज, निजी तथा सहकारी क्षेत्र र सम्पूर्ण कोन्ज्योसोमवासी दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

गाउँसभाका सदस्यज्यूहरू,

नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, समाजवादउन्मुख अर्थतन्त्र तथा लोककल्याणकारी राज्यको अवधारणा अनुरूप दिगो शान्ति, सुशासन, विकास र समृद्धिको राष्ट्रिय आकाङ्क्षालाई आत्मसात गर्दै तथा "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय लक्ष्य प्राप्तिका लागि स्थानीय तहलाई विकास, सेवा प्रवाह र जनसहभागिताको प्रमुख आधारस्तम्भका रूपमा स्थापित गरिएको छ। संविधानले स्थानीय तहलाई राज्य शक्तिको प्रयोग गर्ने अधिकारसहितको सरकारको रूपमा मान्यता प्रदान गर्दै स्थानीय स्वशासन, वित्तीय स्वायत्तता तथा विकास व्यवस्थापनको महत्वपूर्ण जिम्मेवारी सुम्पिएको छ।

नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सिफारिसहरू, राष्ट्रिय योजना आयोगद्वारा जारी स्थानीय तह योजना तर्जुमा दिग्दर्शन, २०७८, दिगो विकास लक्ष्य (SDGs)—२०३०, सोह्रौं योजनाका उद्देश्य, प्राथमिकता तथा रणनीतिहरू, बागमती प्रदेश सरकारका नीति तथा कार्यक्रम, गाउँपालिकाको आवधिक योजना, मध्यकालीन खर्च संरचना, विषयगत क्षेत्रगत योजनाहरू, गाउँपालिकाले कार्यान्वयनमा ल्याएका कानुनी तथा नीतिगत व्यवस्थाहरू तथा वडा र गाउँपालिका तहमा सहभागितामूलक प्रक्रियाबाट प्राप्त सुझाव, आवश्यकता र जनभावनालाई आधार मानी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको व्यहोरा यस सम्मानित गाउँसभा समक्ष विनम्रतापूर्वक प्रस्तुत गर्दछु।

साथै, सुशासन, पारदर्शिता, जवाफदेहिता, सामाजिक न्याय, समावेशी विकास, डिजिटल रूपान्तरण, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण, लैङ्गिक समानता, युवा सहभागिता, उद्यमशीलता प्रवर्द्धन तथा दिगो विकासका समसामयिक राष्ट्रिय एवं अन्तर्राष्ट्रिय मुद्दाहरूलाई समेत यस नीति तथा कार्यक्रमको अभिन्न आधारका रूपमा समेटिएको छ।

गाउँसभाका सदस्यज्यूहरू,

पछिल्लो समय नेपाली समाजमा विशेषगरी युवा पुस्ताबाट सुशासन, पारदर्शिता, उत्तरदायित्व, गुणस्तरीय सार्वजनिक सेवा, रोजगारी सिर्जना तथा भ्रष्टाचार नियन्त्रणका विषयमा व्यक्त भएका अपेक्षा र आवाजहरूले राज्यका सबै तहलाई थप जिम्मेवार, परिणाममुखी तथा नागरिकमैत्री बन्न प्रेरित गरेका छन्। विशेषगरी २०८२ भदौ २३ र २४ गते अभिव्यक्त युवा पुस्ताको जागरणले लोकतान्त्रिक मूल्य—मान्यता, सार्वजनिक उत्तरदायित्व, सेवा प्रवाहमा सुधार तथा सुशासनप्रतिको जनआकाङ्क्षालाई

थप सशक्त रूपमा उजागर गरेको छ। स्थानीय सरकारका रूपमा हामी युवाको ऊर्जा, सिर्जनशीलता, नवप्रवर्तनशील सोच तथा रचनात्मक सहभागितालाई विकास प्रक्रियाको मूल प्रवाहमा समेट्दै पारदर्शी, उत्तरदायी, सहभागितामूलक तथा प्रविधिमैत्री शासन प्रणालीको विकासमा प्रतिबद्ध रहेका छौं।

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहबीच अधिकार, जिम्मेवारी र स्रोतको बाँडफाँड गरी संघीय शासन प्रणालीलाई संस्थागत गरेको छ। यद्यपि प्रशासनिक संघीयताको तुलनामा वित्तीय संघीयताको कार्यान्वयन अपेक्षित रूपमा सुदृढ हुन सकेको छैन। स्थानीय सरकारको जिम्मेवारी, कार्यक्षेत्र र जनअपेक्षा निरन्तर विस्तार हुँदै गएका छन्, तर त्यसअनुरूप वित्तीय स्रोतको सुनिश्चितता हुन सकेको छैन।

हामी सबैले गम्भीरतापूर्वक मनन गर्नुपर्ने विषय के हो भने, राष्ट्रिय बजेटको आकार वर्षेनी वृद्धि भइरहेको अवस्थामा समेत स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय स्रोतको अनुपात क्रमशः घट्दै गएको छ। आर्थिक **वर्ष २०७५/०७६** मा संघीय बजेटको करिब **३३.६२** प्रतिशत हिस्सा प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएकोमा आर्थिक वर्ष **२०८२/०८३** सम्म आइपुग्दा यो अनुपात घटेर करिब **२९.६३** प्रतिशतमा सीमित भएको छ। त्यस्तै स्थानीय सरकारको आधारभूत तथा निशर्त स्रोतको रूपमा रहेको वित्तीय समानीकरण अनुदान पनि कुल बजेटको अनुपातमा क्रमशः घट्दै गएको अवस्था देखिन्छ। यो प्रवृत्तिले स्थानीय तहको वित्तीय स्वायत्तता, योजना कार्यान्वयन क्षमता तथा संविधानले परिकल्पना गरेको संघीय शासन प्रणालीको प्रभावकारितामा दीर्घकालीन असर पार्न सक्ने विषयप्रति सबै सरोकारवाला सचेत हुनु आवश्यक रहेको छ र यस बिषयमा आजको गाउँसभा बैठकले नेपाल सरकारलाई बिशेष ध्यान पुर्याउन गर्दिक अपिल समेत गर्दछ ।

स्थानीय तहको कार्यक्षेत्र विस्तार हुँदै जाँदा स्रोतको दायरा खुम्चिने र सशर्त कार्यक्रमहरूमा निर्भरता बढ्दै जानु संघीयताको मूल मर्मसँग मेल खाने विषय होइन। त्यसैगरी प्रशासनिक क्षेत्रमा पनि स्थानीय तहलाई संविधान तथा कानुनद्वारा प्रदान गरिएका कतिपय अधिकारहरूलाई विभिन्न प्रक्रियागत तथा संरचनागत माध्यमबाट पुनः केन्द्रीकरण गर्ने प्रवृत्ति देखिनु संघीयताको भावनाविपरीत रहेको अनुभूति स्थानीय सरकारहरूले गरिरहेका छन्। संविधानले परिकल्पना गरेको सहकार्य, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात गर्दै स्थानीय सरकारको वित्तीय तथा प्रशासनिक सुदृढीकरणका लागि थप नीतिगत बहस, संवाद तथा सहकार्य आवश्यक रहेको छ।

गाउँसभाका सदस्यज्यूहरू,

हामीले प्रस्तुत गर्ने नीति तथा कार्यक्रम र बजेटप्रति आम नागरिक तथा सरोकारवालाहरूको अपेक्षा उच्च रहेको छ। तर पछिल्लो समय राष्ट्रिय अर्थतन्त्रमा देखिएको सुस्तता, राजस्व परिचालनमा आएको चुनौती तथा सार्वजनिक वित्त व्यवस्थापनमा परेको दबाबका कारण संघीय तथा प्रदेश सरकारबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय हस्तान्तरणमा समेत प्रभाव परेको छ। यस्तो अवस्थामा उपलब्ध

स्रोत—साधनको अधिकतम उपयोग, मितव्ययी खर्च प्रणाली, परिणाममुखी योजना छनोट तथा वैकल्पिक स्रोत परिचालन आजको आवश्यकता बनेको छ।

नेपाल अल्पविकसित मुलुकबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने ऐतिहासिक चरणमा पुगेको भए तापनि युवाशक्ति विदेशिने क्रम अझै चिन्ताजनक रहेको छ। रोजगारी तथा अवसरको खोजीमा दैनिक रूपमा ठूलो सङ्ख्यामा युवाहरू विदेशिनु पर्ने अवस्था सिर्जना भएको छ। यसको प्रत्यक्ष प्रभाव कोन्ज्योसोम गाउँपालिकामा समेत परेको छ। आन्तरिक तथा बाह्य बसाइँसराइका कारण गाउँका बस्तीहरू क्रमशः सुनसान बन्दै गएका छन्, कृषि योग्य उर्वर भूमि बाँझो रहन थालेका छन् र परम्परागत उत्पादन प्रणाली कमजोर बन्दै गएको छ।

यस परिस्थितिमा युवाहरूलाई स्वदेशमै रोजगारी तथा उद्यमशीलताका अवसर सिर्जना गर्ने, कृषि तथा पर्यटनलाई आयआर्जनसँग जोड्ने, स्थानीय उत्पादनलाई बजारीकरण गर्ने, स्वरोजगारका अवसर विस्तार गर्ने तथा गाउँलाई बस्न, लगानी गर्न र उद्यम सञ्चालन गर्न आकर्षक बनाउने चुनौती र जिम्मेवारी हामी सबैको साझा दायित्व बनेको छ। त्यसैले आगामी वर्ष स्थानीय आर्थिक विकास, कृषि आधुनिकीकरण, उद्यमशीलता प्रवर्द्धन, पर्यटन विकास तथा उत्पादनमुखी क्षेत्रहरूलाई विशेष प्राथमिकता प्रदान गरिएको छ।

सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी, उत्तरदायी तथा नागरिकमैत्री बनाउँदै सुशासनको अनुभूति जनमानसमा स्थापित गर्न गाउँपालिकाको संस्थागत क्षमता विकास अपरिहार्य रहेको छ। यसका लागि ई—गभर्नेन्स (E-Governance) प्रणालीको प्रभावकारी कार्यान्वयन, डिजिटल सेवा प्रवाह, विद्युतीय अभिलेख व्यवस्थापन, अनलाइन सूचना प्रणाली तथा सूचना प्रविधिको अधिकतम उपयोगमार्फत सार्वजनिक सेवालाई छिटो, सहज, पारदर्शी तथा प्रभावकारी बनाइनेछ। २०८२ असार १० गते सम्पन्न गाउँसभाको १४ औ अधिवेशनबाट पारित गरिएको जनशक्तिहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O &M) रास्ट्रिय मापदण्ड २०८२ बमोजिम पुनरावलोकन गरिनेछ ।

कोन्ज्योसोम गाउँपालिकाको समृद्धि र समुन्नत विकासका लागि सडक, खानेपानी, सिँचाइ, ऊर्जा तथा सूचना प्रविधिसहितका पूर्वाधार विकासलाई प्राथमिकतामा राख्दै कृषि, पशुपालन, पर्यटन, शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, सरसफाइ, महिला सशक्तीकरण, बालअधिकार, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत तथा लोपोन्मुख समुदायको समावेशी, न्यायपूर्ण तथा सन्तुलित विकासलाई नीति तथा कार्यक्रमको केन्द्रमा राखिएको छ।

पूर्वाधार विकाससँगै वातावरणीय सन्तुलन कायम राख्नु, बालविवाह तथा लैङ्गिक हिंसा न्यूनीकरण गर्नु, ज्येष्ठ नागरिक तथा एकल महिलाको सामाजिक सुरक्षा सुनिश्चित गर्नु, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुतालाई सुदृढ बनाउनु, विद्यालय शिक्षामा देखिएका चुनौतीहरूको समाधान गर्नु, जलवायु

परिवर्तनका असरहरू न्यूनीकरण गर्नु तथा विकासका लागि आवश्यक वित्तीय स्रोत व्यवस्थापन गर्नु हाम्रा प्रमुख चुनौतीहरू रहेका छन्।

यद्यपि संविधानले प्रदान गरेको स्थानीय स्वशासनको अधिकार, स्थानीय स्रोत परिचालनको अवसर, संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न अनुदान, सक्षम र प्रतिबद्ध जनप्रतिनिधि तथा कर्मचारी संयन्त्र, युवाशक्तिको ऊर्जा, कृषि तथा पशुजन्य उत्पादनको बजार सम्भावना, संघीय राजधानीसँगको निकटता तथा धार्मिक, सांस्कृतिक र प्राकृतिक पर्यटनको प्रचुर सम्भावना हाम्रा महत्वपूर्ण अवसरहरू हुन् । यी अवसरहरूको अधिकतम उपयोग गर्दै कोन्ज्योसोमलाई समृद्ध, आत्मनिर्भर, वातावरणमैत्री तथा अवसरयुक्त गाउँपालिकाको रूपमा विकास गर्ने दिशामा हामी दृढतापूर्वक अगाडि बढ्नेछौं।

भौतिक पूर्वाधार विकास र वातावरण संरक्षणबीच सन्तुलन कायम गर्ने उद्देश्यले प्रारम्भिक वातावरणीय परीक्षण (IEE) लगायतका कानुनी व्यवस्थाहरूको पूर्ण पालना गरिनेछ। चालु आर्थिक वर्षमा वातावरण संरक्षण, हरित विकास तथा दिगोपनाका क्षेत्रमा हासिल भएका उपलब्धिहरूलाई संस्थागत गर्दै आगामी वर्षहरूमा सञ्चालन हुने सम्पूर्ण आयोजना तथा कार्यक्रमहरूमा वातावरणीय उत्तरदायित्वलाई अझ सुदृढ बनाइनेछ।

दिगो विकास लक्ष्यहरूको स्थानीयकरण सम्बन्धी कार्य सम्पन्न भइसकेको सन्दर्भमा ती लक्ष्यहरूलाई वार्षिक, मध्यकालीन तथा आवधिक योजनासँग आबद्ध गरी प्रभावकारी कार्यान्वयनमा लैजाने कार्यलाई निरन्तरता दिइनेछ। गाउँ सरकारको नीति निर्देशन तथा निर्माणाधीन दोस्रो पञ्चवर्षीय आवधिक योजनाले निर्धारण गर्ने दूरदृष्टि, लक्ष्य, उद्देश्य तथा रणनीतिलाई मार्गदर्शनका रूपमा ग्रहण गर्दै समग्र विकास योजनाहरू कार्यान्वयन गरिनेछन्।

अन्त्यमा, संविधानको भावना, संघीय शासन प्रणालीको मर्म तथा जनताको अपेक्षालाई केन्द्रमा राखी सुशासित, समावेशी, समृद्ध, आत्मनिर्भर, प्रविधिमैत्री, वातावरणमैत्री तथा अवसरयुक्त कोन्ज्योसोम निर्माण गर्ने हाम्रो साझा अभियानमा यहाँहरू सबैको रचनात्मक सहयोग, सुझाव, सहकार्य तथा सक्रिय सहभागिताको हार्दिक अपेक्षा गर्दछु। प्रस्तुत नीति तथा कार्यक्रम यही साझा लक्ष्य प्राप्तिको मार्गचित्रका रूपमा सम्मानित गाउँसभा समक्ष प्रस्तुत गरेको छु। अब  बिषयक्षेत्रगत रुपमा केहि नीतिगत व्यवस्था प्रस्तुत गर्दछु ।

## पूर्वाधार विकास तर्फ

"गुणस्तरीय पूर्वाधार, समृद्धिको बलियो आधार" भन्ने मूल नाराका साथ सडक, खानेपानी, पुल, भवन, खेलकुद, पर्यटन तथा सूचना प्रविधि पूर्वाधारको दिगो, सुरक्षित र वातावरणमैत्री विकासमार्फत नागरिकको जीवन सहज, उत्पादनशील र समृद्ध बनाउने उद्देश्यले देहायका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गरिनेछन् ।

१. गाउँपालिका भित्र सञ्चालनमा रहेका रणनीतिक, गौरवका तथा प्राथमिकताका आयोजनाहरूलाई निर्धारित समयमै सम्पन्न गरी नयाँ आयोजना तथा कार्यक्रमहरूलाई आवश्यकता, औचित्य, लागत—लाभ विश्लेषण र उपलब्ध स्रोतको आधारमा प्राथमिकताक्रम निर्धारण गरी कार्यान्वयन गरिनेछ।

२. गाउँपालिकाबाट प्रवाह हुने सेवाहरूलाई छिटो, छरितो, प्रभावकारी, प्रविधिमैत्री, पारदर्शी तथा नागरिकमैत्री बनाउन अत्याधुनिक एकीकृत प्रशासनिक तथा सेवा केन्द्र भवन निर्माणका लागि आवश्यक जग्गा प्राप्ति, विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी तथा वित्तीय स्रोत व्यवस्थापनका लागि संघ तथा प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ।

३. नल्लु भञ्ज्याङ—देउराली—ठोस्नेखोला—उन्युचौर—बुखेल—मानिखेल—गोटीखेल मध्यमार्गी सडक, लेल—नल्लु, भारदेउ—गोटीखेल—चन्दनपुर सडक तथा बिर्खेधार—दलचोकी—शंखु—इकुडोल सडकलाई स्तरोन्नति तथा कालोपत्रे गरी क्षेत्रीय आर्थिक विकासको मेरुदण्डका रूपमा विकास गर्न संघ तथा प्रदेश सरकारसँग सहकार्य र बजेट व्यवस्थापनका लागि थप पहल गरिनेछ।

४. सामुदायिक सहभागितामूलक विकासलाई संस्थागत गर्न "उनन्तीस दिन आफ्ना लागि, एक दिन समुदायका लागि" अभियान सञ्चालन गरी श्रमदान, सरसफाइ, वृक्षारोपण, सार्वजनिक सम्पत्ति संरक्षण तथा सामुदायिक विकासका कार्यक्रमहरू प्रवर्द्धन गरिनेछ।

५. राष्ट्रिय भवन संहिता, २०७२ तथा गाउँपालिकाको बस्ती विकास तथा भवन निर्माण मापदण्डको पूर्ण कार्यान्वयन गरिनेछ। भवन निर्माण स्वीकृति, नक्सा पास तथा अभिलेखीकरण प्रणालीलाई थप व्यवस्थित, प्रविधिमैत्री तथा अनलाइन प्रणालीसँग आबद्ध गरिनेछ।

६. गाउँ सडक यातायात गुरुयोजनालाई अद्यावधिक गरी सोही आधारमा सडक निर्माण, स्तरोन्नति, मर्मत तथा विस्तार कार्यलाई व्यवस्थित ढंगले अगाडि बढाइनेछ। जथाभावी सडक ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गरिनेछ।

७. सञ्चालनमा रहेका झोलुङ्गे पुल, ट्रष्ट पुल, बेलीब्रिज तथा मोटरेबल पुलहरूको नियमित मर्मत सम्भार गरिनेछ। निर्माणाधीन पुलहरू समयमै सम्पन्न गरिने तथा आवश्यक स्थानहरूको पहिचान गरी थप पुल निर्माणका कार्यक्रम सञ्चालन गरिनेछन्।

८. गाउँपालिका क्षेत्रभित्र रहेका ऐलानी, पर्ति, सार्वजनिक तथा सडक क्षेत्रका जग्गाहरूको अभिलेखीकरण, नक्साङ्कन तथा डिजिटल रेकर्ड व्यवस्थापन गरिनेछ। सार्वजनिक सम्पत्तिको संरक्षण, व्यवस्थापन तथा उपयोगलाई व्यवस्थित बनाइनेछ ।

९. सडकको अधिकार क्षेत्र (Right of Way) कार्यान्वयनलाई कडाइका साथ लागू गरिनेछ तथा सार्वजनिक जग्गा अतिक्रमण नियन्त्रणका लागि आवश्यक कानुनी तथा प्रशासनिक व्यवस्था सुदृढ गरिनेछ।

१०. गाउँपालिकाभित्रका खेलकुद पूर्वाधारको विकासलाई प्राथमिकता दिई "एक वडा, एक खेलकुद मैदान/कभर्ड हल " अभियानलाई चरणबद्ध रूपमा कार्यान्वयन गरिनेछ। पालिकास्तरको काम्लेचौर खेलकुद मैदानलाई गाउँ गौरवको आयोजनाका रूपमा आगामी तीन वर्षभित्र सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ।

११. कोन्ज्योसोम प्रतिमा क्षेत्र, दलचोकी भ्यू टावर, थाम भञ्ज्याङ, तिनपाने तथा अन्य धार्मिक एवं पर्यटकीय स्थलहरूलाई समेटेर एकीकृत पर्यटन गुरुयोजना तयार गरी होटल, रेष्टुरेन्ट, विश्रामस्थल, शान्ति पार्क, पदमार्ग, साइकल मार्ग, मनोरञ्जन पार्क,होमस्टे,फार्म स्टे तथा अन्य आवश्यक पर्यटकीय पूर्वाधार निर्माण गरिनेछ।

१२. गाउँपालिकाभित्रका धार्मिक, साँस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदाको संरक्षण, संवर्द्धन तथा प्रवर्द्धनका लागि संघ, प्रदेश तथा निजी क्षेत्रसँग साझेदारीमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

१३. वडा तथा बस्ती स्तरमा सञ्चालन हुने पूर्वाधार आयोजनाहरूको नियमित अनुगमन, मूल्याङ्कन तथा प्राविधिक परीक्षण गरी गुणस्तरीय निर्माण सुनिश्चित गरिनेछ। निर्माण व्यवसायी तथा उपभोक्ता समितिको कार्यसम्पादन मूल्याङ्कन प्रणाली लागू गरिनेछ।

१४. दीर्घकालीन महत्वका पूर्वाधार आयोजनाहरूका लागि सम्भाव्यता अध्ययन (Feasibility Study), विस्तृत परियोजना प्रतिवेदन (DPR) तथा वातावरणीय अध्ययन कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।

१५. योजना छनोट तथा कार्यान्वयन प्रक्रियालाई वैज्ञानिक, पारदर्शी र नतिजामुखी बनाउन आयोजना बैंक (Project Bank) निर्माण गरी मध्यमकालीन खर्च संरचना, आवधिक योजना तथा वार्षिक बजेटसँग आबद्ध गरेर मात्र आयोजना कार्यान्वयन गरिने व्यवस्था लागू गरिनेछ।

१६. उनिउचौर मोड—ड्याम सडक, कोन्ज्योसोम प्रतिमा—चौघरे—दलचोकी—तीनपाने भञ्ज्याङ सडक तथा स्यार्लुप-वातिस्योङ—बासुकी सडकलाई गाउँपालिकाका रूपान्तरणकारी रणनीतिक सडक परियोजना का रूपमा विकास गरिनेछ।

१७. नल्लु र भारदेउ क्षेत्रलाई SMART ORGANIC VILLAGE को रूपमा विकास गर्ने अभियानलाई निरन्तरता दिइनेछ। स्थानीय तामाङ, मगर तथा अन्य समुदायको मौलिक संस्कृति, परम्परा, कृषि प्रणाली र ग्रामीण पर्यटनलाई समेटी नमुना सांस्कृतिक तथा जैविक गाउँको रूपमा विकास गरिनेछ।

१८. नदी तथा खोलाको बगर क्षेत्रबाट दिगो रूपमा ढुंगा, गिट्टी तथा बालुवा उत्खनन तथा व्यवस्थापनका लागि सम्पन्न प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को आधारमा वैज्ञानिक उत्खनन, अनुगमन तथा राजस्व संकलन प्रणाली लागू गरिनेछ। यस सम्बन्धी आवश्यक राजस्व नीति, कार्यविधि तथा कानुनी व्यवस्था निर्माण गरिनेछ।

१९. आगामी आर्थिक वर्षदेखि रु. २० लाखभन्दा माथिका निर्माण आयोजनाहरू अनिवार्य रूपमा सार्वजनिक खरिद ऐन बमोजिम विद्युतीय बोलपत्र (e-Bidding) मार्फत कार्यान्वयन गरिनेछ। सबै विकास आयोजनाको खरिद प्रक्रिया पहिलो चौमासिकभित्र सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ तर १० लाख भन्दा माथिका सबै भवन निर्माण,सडक कालोपत्रे गर्ने लगायतका जटिल /प्राबिधिक कार्यहरु उपभोक्ता समिति मार्फत गरिने छैन ।

२०. पूर्वाधारको दिगोपना सुनिश्चित गर्न गाउँपालिका स्तरीय वार्षिक मर्मत सम्भार योजना (Annual Maintenance Plan) लागू गरिनेछ। प्रत्येक वर्ष न्यूनतम २० किलोमिटर कच्ची सडक स्तरोन्नति गर्ने, सडक सम्पत्ति व्यवस्थापन प्रणाली विकास गर्ने, जलवायु अनुकूल तथा विपद् प्रतिरोधी पूर्वाधार निर्माणलाई प्राथमिकता दिने तथा GIS आधारित पूर्वाधार अभिलेख प्रणाली स्थापना गरिनेछ।

२१. विकास निर्माण कार्यको पारदर्शिता, गुणस्तर अभिवृद्धि तथा प्रभावकारी अनुगमन सुनिश्चित गर्न पोर्टेबल Live Monitoring System को परीक्षणात्मक रूपमा सुरुवात गरी आयोजनाहरूको वास्तविक समय (Real Time) मा डिजिटल अनुगमन तथा अभिलेखीकरण गर्ने व्यवस्था मिलाइनेछ।

**<u>आर्थिक विकास तर्फः</u>**

"कृषि र पर्यटन, समृद्धिको अभियान" भन्ने मूल नाराका साथ स्थानीय स्रोत, साधन, सीप, श्रम र सम्भावनाको अधिकतम परिचालन गरी उत्पादन, उत्पादकत्व, उद्यमशीलता, रोजगारी तथा आयआर्जन वृद्धि गर्ने उद्देश्यले देहायका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गरिनेछन् :

२२. कृषि, पशुपालन, सहकारी, पर्यटन, उद्यमशीलता तथा स्थानीय आर्थिक विकासलाई गाउँपालिकाको आर्थिक समृद्धिको प्रमुख आधारको रूपमा विकास गर्दै उत्पादन र रोजगारी अभिवृद्धि गर्ने नीति अवलम्बन गरिनेछ।

२३.परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरण गरी व्यवसायिक, प्रतिस्पर्धी, जलवायुमैत्री, उच्च मूल्ययुक्त तथा अर्गानिक कृषि प्रणालीमा रूपान्तरण गर्दै "SMART ORGANIC KONJYOSOM" अभियान सञ्चालन गरिनेछ।

२४.नल्लु र भारदेउ क्षेत्रलाई नमुना Smart Organic Village को रूपमा विकास गरी कृषि उत्पादन, स्थानीय संस्कृति, पर्यटन र उद्यमशीलतालाई एकीकृत रूपमा प्रवर्द्धन गरिनेछ।

२५.प्राङ्गारिक खेती प्रवर्द्धनका लागि कम्पोष्ट मल, गड्यौला मल, गोठे मल सुधार, जैविक मल उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गरिनेछ तथा रासायनिक विषादी र मलको प्रयोग क्रमशः न्यूनीकरण गरिनेछ।

२६.प्राङ्गारिक तथा विषादीमुक्त कृषि प्रणालीको प्रवर्द्धन गर्न एकीकृत शत्रुजीव व्यवस्थापन (IPM) तथा Integrated Pest Management सम्बन्धी सामग्री, उपकरण तथा प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ। कृषकलाई आवश्यक जैविक उत्पादन सामग्री तथा प्रविधिमा पहुँच विस्तार गर्न अनुदान तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ।

२७.रैथाने बाली, स्थानीय पशुपन्छी तथा कृषि जैविक विविधताको संरक्षण, संवर्द्धन, अभिलेखीकरण र व्यावसायीकरणका कार्यक्रम सञ्चालन गरिनेछन्।

२८.माटोको गुणस्तर सुधार तथा उत्पादन वृद्धि गर्न घुम्ती माटो परीक्षण शिविर सञ्चालन गरी माटो स्वास्थ्य कार्ड वितरण गरिनेछ तथा खेतीयोग्य भिरालो जमिनमा गह्रा सुधार तथा भू-संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

२९. चिया, कफी, किवी, एभोकाडो, आलुबखडा, स्याउ, बिमिरो, लप्सी, टिमुर, अकबरे खुर्सानी, मसला बाली, तरकारी, फलफूल तथा घाँसेबालीको व्यवसायिक उत्पादन र विस्तारलाई प्राथमिकता दिइनेछ।

३०.“एक वडा, एक विशेष उत्पादन” कार्यक्रम लागू गरी प्रत्येक वडाको सम्भाव्यता अनुसार कृषि तथा पशुपालन पकेट क्षेत्र विकास गरिनेछ।

३१.कृषकको उत्पादनको सुनिश्चित बजारीकरणका लागि स्थानीय रैथाने बाली तथा कृषि उपजको न्यूनतम मूल्य सुनिश्चित गर्ने तथा आवश्यकता अनुसार बाइ-ब्याक (Buy Back) प्रणाली विकास गरी विद्यालय दिवा खाजा, होटल, होमस्टे तथा अन्य संस्थागत उपभोक्तासँग आबद्ध गर्दै कृषि एम्बुलेन्स सेवा संचालन गरिनेछ ।

३२.कृषि सेवा प्रवाहलाई किसानको घरदैलोमा पुर्याउन नियमित कृषि प्राविधिक परिचालन कार्यक्रम सञ्चालन गरी उत्पादन, रोग तथा कीरा व्यवस्थापन, माटो स्वास्थ्य, कृषि बीमा तथा बजारीकरण सम्बन्धी परामर्श सेवा उपलब्ध गराइनेछ।

३३. कृषि क्षेत्रमा नवप्रवर्तन, अनुसन्धान तथा प्रविधि हस्तान्तरणलाई प्रोत्साहन गर्दै नमुना कृषि फार्म, कृषि सिकाइ केन्द्र तथा कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

३४. कृषि तथा पशुजन्य उत्पादनको संकलन, भण्डारण, प्रशोधन, प्याकेजिङ, ब्राण्डिङ तथा बजारीकरणलाई व्यवस्थित गर्दै मूल्य श्रृंखला (Value Chain) विकास गरिनेछ।

३५. कृषि उपजको उचित मूल्य सुनिश्चित गर्न न्यूनतम समर्थन मूल्य निर्धारणका लागि आवश्यक अध्ययन गरिनेछ तथा सहकारी, कृषक समूह र निजी क्षेत्रमार्फत बजार व्यवस्थापनलाई सुदृढ गरिनेछ।

३६. कृषि उत्पादनको नोक्सानी न्यूनीकरण गर्न कृषि संकलन केन्द्र, शीत भण्डार (Cold Store), प्रशोधन केन्द्र तथा कृषि बजार पूर्वाधार निर्माणलाई उच्च प्राथमिकता दिइनेछ।

३७. वैदेशिक रोजगारीबाट फर्किएका, बेरोजगार तथा स्वरोजगार बन्न इच्छुक युवाहरूलाई कृषि, पशुपालन, कृषि—पर्यटन तथा उद्यमशीलतासँग आबद्ध गराई "युवा कृषि उद्यमी कार्यक्रम" सञ्चालन गरिनेछ।

३८. व्यवसायिक पशुपालन प्रवर्द्धन गर्न उत्पादनमा आधारित अनुदान प्रणाली लागू गरिनेछ तथा नयाँ फार्म स्थापना, पुराना फार्म संरक्षण र विस्तारमा आवश्यक सहयोग प्रदान गरिनेछ।

३९. दुग्ध, मासु, अण्डा तथा माछा उत्पादन वृद्धि गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ। भैंसी संरक्षण, नश्ल सुधार, कृत्रिम गर्भाधान, बाझोपन निवारण तथा दुग्ध बजारीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४०. पशु स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न मोबाइल भेटेरिनरी सेवा, पशु बीमा, पशु स्वास्थ्य शिविर तथा आधुनिक पशुपालन व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।

४१. किसान सूचीकरण कार्यक्रमलाई पूर्णता दिई डिजिटल कृषि परिचयपत्र वितरण गरिनेछ तथा सोही आधारमा कृषि सेवा तथा अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।

४२. नेपालकै पहिलो सामुदायिक बिउ बैंकको रूपमा परिचित दलचोकी सामुदायिक बिउ बैंक को संरक्षण, विस्तार तथा संस्थागत विकासका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी संघीय तथा प्रदेश सरकारसँग विशेष सहकार्य गरिनेछ।

४३. दलचोकी सामुदायिक बिउ बैंकलाई कृषि जैविक विविधता संरक्षण, अध्ययन, अनुसन्धान तथा रैथाने बाली प्रवर्द्धन केन्द्रको रूपमा विकास गर्दै बीउ उत्पादन, प्रशोधन, बजारीकरण तथा सामुदायिक जीन बैंक व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ।

४४. "हरेक हप्ताको एक पटक, रैथाने हाटबजार" अभियानलाई संस्थागत गरी स्थानीय कृषि तथा पशुजन्य उत्पादनको बजारीकरण तथा उपभोगलाई प्रोत्साहन गरिनेछ।

४५. कृषकहरूले उत्पादन गरेका तरकारी तथा खाद्य वस्तुहरूको विषादी परीक्षण कार्यक्रम सञ्चालन गरी सुरक्षित तथा गुणस्तरीय खाद्य प्रणालीको विकास गरिनेछ।

४६. दुग्धजन्य तथा कृषि उत्पादनमा आधारित घरेलु, साना तथा मझौला उद्योग स्थापना गर्न आवश्यक प्राविधिक, व्यवस्थापकीय तथा वित्तीय सहयोग उपलब्ध गराइनेछ।

४७. उत्पादनमूलक, रोजगारीमूलक तथा गरिबी न्यूनीकरणमा प्रत्यक्ष योगदान पुऱ्याउने कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ तथा सार्वजनिक–निजी साझेदारी (PPP) अवधारणालाई प्रोत्साहन गरिनेछ।

४८. "समृद्धिका लागि सहकारी" भन्ने अवधारणालाई आत्मसात गर्दै सहकारी क्षेत्रको नियमन, अनुगमन, संस्थागत सुशासन तथा क्षमता विकासलाई प्राथमिकता दिइनेछ।

४९. गाउँपालिका क्षेत्रभित्र सञ्चालित सहकारी संस्थाहरूलाई लागत साझेदारीको आधारमा व्यवस्थित कार्यालय स्थापना गर्न प्रोत्साहन गरिनेछ। प्रत्येक सहकारी संस्थाले अनिवार्य रूपमा आफ्नै वा भाडामा लिएको व्यवस्थित कार्यालयबाट सेवा प्रवाह गर्नुपर्ने व्यवस्था लागू गरिनेछ।

५०. सहकारी संस्थाहरूको नियमित अनुगमन, लेखापरीक्षण, अभिलेख व्यवस्थापन, डिजिटल प्रणालीको प्रयोग तथा सदस्य हित संरक्षण सुनिश्चित गरी वित्तीय अनुशासन र सुशासन कायम गरिनेछ।

५१. गाउँपालिका भित्र रहेका धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदाको संरक्षण, संवर्द्धन तथा प्रवर्द्धनका लागि पर्यटन गुरुयोजना तयार गरी चरणबद्ध रूपमा कार्यान्वयन गरिनेछ।

५२. कोन्ज्योसोम प्रतिमा, पाथीभरा मन्दिर, दलचोकी मनकामना मन्दिर, शंखु छ्योर्देन लगायतका धार्मिक तथा पर्यटकीय क्षेत्रलाई जोड्ने एकीकृत पर्यटकीय सर्किट विकास गरी आवश्यक पूर्वाधार निर्माण गरिनेछ। साथै होमस्टे, फार्मस्टे तथा ग्रामीण पर्यटन कार्यक्रमलाई प्रत्येक वडामा विस्तार गरिनेछ।

५३. स्थानीय तामाङ, मगर लगायतका समुदायको भाषा, कला, संस्कृति, संस्कार तथा परम्पराको संरक्षण र प्रवर्द्धन गर्दै "Tamang Cultural Village" अवधारणालाई कार्यान्वयन गरिनेछ तथा कोन्ज्योसोम भ्रमण वर्ष २०८३ लाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

५४. "एक घर, एक रोजगार" अभियान सञ्चालन गर्दै सीप विकास, उद्यमशीलता प्रवर्द्धन, रोजगार सिर्जना तथा स्वरोजगार अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछन्। गाउँपालिकामा श्रम बैंक मार्फत श्रमिक तथा सीपयुक्त जनशक्तिको डिजिटल अभिलेख अध्यावधिक गरिनेछ।

५५. आर्थिक रूपमा कमजोर तर सीपयुक्त बेरोजगार युवा, महिला तथा उद्यमीहरूलाई व्यवसायिक योजनाका आधारमा सहुलियतपूर्ण ऋण, उद्यम विकास सेवा, वित्तीय पहुँच तथा बजार

व्यवस्थापनमा सहयोग उपलब्ध गराइनेछ। साथै कृषि, पर्यटन, सहकारी, उद्यमशीलता तथा स्थानीय उत्पादनको प्रवर्द्धनमार्फत " आत्मनिर्भर कोन्ज्योसोमबासी , समृद्ध कोन्ज्योसोम" निर्माण गर्ने अभियानलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

५६. स्थानीय श्रम बजारको माग र आपूर्तिबीच समन्वय गर्न श्रम बैंक तथा रोजगार सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ बनाउँदै Job Matching तथा Career Counselling सेवा सञ्चालन गरिनेछ।

५७. वैदेशिक रोजगारीबाट फर्किएका युवाको ज्ञान, सीप, अनुभव तथा पूँजीलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न पुनःएकीकरण तथा उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

५८. सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना, परामर्श तथा मनोसामाजिक सहयोग सेवाको विस्तार गर्दै वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र उपलब्धिमूलक बनाउन पहल गरिनेछ।

५९. उद्यमशीलता विकास, नवप्रवर्तन तथा स्टार्टअप प्रवर्द्धनका लागि युवा, महिला तथा बेरोजगार नागरिकलाई व्यवसाय विकास सेवा, बजार पहुँच तथा वित्तीय सहजीकरण उपलब्ध गराइनेछ।

**सामाजिक विकास तर्फ**

"स्वस्थ, शिक्षित, सभ्य, समावेशी र सक्षम नागरिकः समृद्ध कोन्ज्योसोमको आधार" भन्ने मूल नाराका साथ सामाजिक विकास क्षेत्रका निम्न नीति तथा कार्यक्रमहरू कार्यान्वयन गरिनेछन् :

६०. विद्यार्थीको शैक्षिक उपलब्धी बृद्धि गरी शैक्षिक गुणस्तर अभिबृद्धिका लागि प्राथमिक तह कक्षा (१-३) मा भाषिक तथा गणितिय सीप पक्षमा र माध्यमिक तह कक्षा (८-१०) का लागि लागत साझेदारीमा अतिरीक्त विशेष कक्षा संचालनको व्यवस्था मिलाइनेछ ।

६१. विद्यालयमा संचालन भइरहेको दिवा खाजा कार्यक्रमलाइ प्रभावकारीरुपमा संचालनका लागि नेपाल सरकारकाबाट प्रदान गरिदै आएको रकममा रु ५ थप गरी रु २५ पर्याइनुका साथै कक्षा ६ देखि ८ सम्मका विद्यार्थीहरुलाइ दिवा खाजा कार्यक्रम बिस्तार गरी संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

६२. बालबालिकाको सर्वाङ्गिण विकासको आधारशिलाको रुपमा रहेको पूर्वप्राथमिक तहलाइ विद्यार्थीको उमेर समुहका आधारमा शिशु स्याहार केन्द्र र बालविकास केन्द्रका रुपमा छुट्टा छुट्टै संचालन ल्याइनेछ ।

६३. कोन्ज्योसोम गाउँपालिकाभित्र रहेका विद्यालयहरुमा मुल विषयका विषयत शिक्षक दरबन्दी नभएका माध्यमिक तथा आधारभूत विद्यालयहरुमा अग्रेजी, गणित र विज्ञान विषयको शिक्षक अभावलाई परिपुर्ण गर्न शिक्षक अनुदानको कार्यक्रमलाई निरन्तरता गरिनेछ ।

६४.विद्यालयमा कार्यरत बाल विकास सहयोगी कार्यकर्ता र कर्मचारीहरुको संघीय सरकारले तोके अनुसारको न्यूनतम सेवा सुविधा उपलब्ध गराउन निरन्तरता दिइनेछ । साथै बालविकास केन्द्रका सहजकर्ता र विद्यालय कर्मचारीको बोझिलो कार्यविवरण र जवाफदेही जिम्मेवारी अनुसार उत्प्रेरित भएर काम गर्ने बातावरणका लागी न्यूनतम पारिश्रमिकमा थप प्रोत्साहन भत्ताको व्यवस्था मिलाइनेछ ।

६५.उच्च शिक्षामा आर्थिक रुपमा विपन्न बर्गको पहुँचलाई पनि बृद्धि गर्न र आफ्नै गाउँमा प्राविधिक र अप्राविधिक दक्ष जनशक्तिको उत्पादन तथा विकास गर्न गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई कार्यविधि तथा मापदण्डमा आधारित भई निश्चित रकम छात्रवृत्ति प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

६६.यस गाउँपालिकामा सञ्चालित एक मात्र प्राविधिक विद्यालयलाई प्रभावकारी रुपमा संचालन गर्न छात्रावासका लागि आवश्यक आर्थिक तथा प्राबिधिक व्यवस्था मिलाईने छ।

६७.शिक्षाको गुणस्तर अभिबृद्धि गर्नका लागि प्रधानाध्यापक र शिक्षकहरुको क्षमता विकासका लागि तालिम/कार्यशाला सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

६८.सामुदायिक विद्यालयहरुको गुणस्तर अभिवृद्धिका लागि ICT ल्याव, विज्ञान प्रयोगशाला र विषयगत प्रयोगशाला स्थापना गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

६९.विद्यालयको शिक्षण सिकाइलाई उपलब्धिमुलक र प्रभावकारी बनाई विद्यार्थीहरुको सर्वपक्षीय विकास गर्न विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका मापदण्ड निर्धारण गरी विद्यालयको कार्यसम्पादन मुल्यांकनका आधारमा विद्यालय अनुदानका साथै शिक्षक तथा कर्मचारीलाइ प्रोत्साहन गरिने व्यवस्था मिलाइनेछ ।

७०.विद्यालय शिक्षाको समग्र गुणस्तर अभिबृद्धि गर्न चालु आवमा स्वीकृत गरिएको शैक्षिक योजनामा आधारित भइ विद्यालयको शैक्षिक, भौतिक तथा व्यवस्थापकिय सुधारका कार्यक्रम संचालन गरिनेछ ।

७१.शिक्षकहरुलाई प्रोत्साहित गरी शिक्षण सिकाईमा सुधार गर्न सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापक, शिक्षक र विद्यार्थीलाई नतिजाका आधारमा पुरस्कृत गर्ने कार्यको थालनी गरिएको छ र यसलाई आगामी वर्षहरुमा पनि निरन्तरता दिइनेछ। शिक्षक तथा कर्मचारीहरुलाई मासिकरुपमा उपलब्ध गराउँदै आइएको तलबभत्तालाई निरन्तरता दिइनेछ।

७२.विद्यालयको सर्बपक्षीय सुधार तथा शिक्षाको गुणस्तरमा वृद्धि गर्न प्रधानाध्यापकको महत्वपूर्ण भूमिका रहने हुँदा यस पालिकाभित्रका सबै विद्यालयहरुमा कुशल व्यवस्थापकीय क्षमता, सबल प्रशासनिक नेतृत्व र समयानुकुल ज्ञान र सीप भएको शैक्षिक नेतृत्वको व्यवस्थाका लागि प्रधानाध्यापकको नियुक्तिमा खुल्ला प्रतिस्पर्धामा योग्यता पुगेका सक्षम प्रधानाध्यापकको छनौट

गरी नियुक्ति गर्ने नीति लिइनेछ । जसका लागि आवश्यक कार्यविधि निर्माण गरी लागू गरिनेछ ।

७३.विद्यालयको विकासमा अभिभावकको अपनत्वको भावना जगाउन र बालबालिकाको सिकाई सुधारमा अभिभावकको संलग्नता बढाउन अभिभावक शिक्षाको व्यवस्था मिलाइनेछ ।

७४.गाउँपालिकामा हाम्रो कोन्ज्योसोम विषयको कक्षा ४ को पाठयपुस्तक विकास गरी लागु गरिनेछ । त्यस्तो पाठ्यक्रम तथा पाठ्यपुस्तक मार्फत स्थानीय विषयबस्तु र विविध समुदायका जातीय तथा सांस्कृतिक पहिचानहरु, स्थानीय कला, भाषा र सस्कृतिको बोध गराउने गरी शिक्षा दिन जोड दिइनेछ।

७५.समावेशि विद्यालय विकासकालागि विशेष आवश्यकता भएका बालबालिकाका लागि बालबालिकामैत्री, महिनावारीमैत्री शैक्षिक पूर्वाधार एवं संरचना व्यवस्थापनका लागि संघसंस्थाहरुसगको सहकार्यमा प्रबर्दनात्मक कार्यक्रम संचालन गरिनेछ ।

७६. विद्यालयस्तरमा स्काउट, संगीत, खेलकुद, कला, संस्कृति लगायत अतिरिक्त क्रियाकलापलाई संस्थागत गर्दै विद्यार्थीहरूको सर्वाङ्गीण विकासमा जोड दिइनेछ।

७७.स्वास्थ्य सेवा क्षेत्रलाई थप प्रभावकारी, पहुँचयोग्य तथा गुणस्तरीय बनाउन गाउँपालिकाभित्र रहेका स्वास्थ्य संस्थाहरूको क्षमता अभिवृद्धि, पूर्वाधार विकास तथा सेवा विस्तार गरिनेछ।

७८.निर्माण सम्पन्न भई हस्तान्तरण भएको विष्णुमाया स्मृति शंखु आधारभूत अस्पताल लाई क्रमशः विशेषज्ञ सेवा सहितको आधारभूत अस्पतालको रूपमा सञ्चालन गरिनेछ। अस्पतालमा आवश्यक जनशक्ति, उपकरण तथा विशेषज्ञ सेवा व्यवस्थापनका लागि संघीय सरकार, बागमती प्रदेश सरकार, विकास साझेदार संस्था, मेडिकल कलेज तथा प्रतिष्ठित अस्पतालहरूसँग सहकार्य र साझेदारी गरिनेछ।साथै अस्पताल बाट प्रदान गरिने सेवा शुल्क/औषधि सहुलियत रुपमा प्रदान गरिनेछ ।

७९.मुटु, मृगौला, क्यान्सर लगायत जटिल रोगहरूको रोकथाम, पहिचान तथा उपचारमा सहयोग पुऱ्याउन विशेषज्ञ चिकित्सकसहितको नियमित स्वास्थ्य शिविर तथा घुम्ती स्वास्थ्य सेवा सञ्चालन गरिनेछ।

८०. स्वास्थ्य चौकी, बर्थिङ सेन्टर, गाउँघर क्लिनिक, खोप केन्द्र तथा प्रयोगशाला सेवाहरूलाई थप व्यवस्थित, प्रविधिमैत्री तथा प्रभावकारी बनाइनेछ।

८१.महिला स्वास्थ्य स्वयंसेविकाहरूको योगदानलाई सम्मान गर्दै प्रोत्साहन, क्षमता विकास तथा सेवा सहजीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८२. "बच्चा जोखौं, साबुन बोकौं" अभियान सञ्चालन गरी बाल स्वास्थ्य, पोषण, व्यक्तिगत सरसफाइ तथा व्यवहार परिवर्तन सम्बन्धी कार्यक्रमलाई समुदायस्तरसम्म विस्तार गरिनेछ।

८३. सुत्केरी आमा पोषण कार्यक्रम, बाल पोषण अभियान, किशोरी स्वास्थ्य तथा पोषण कार्यक्रम, खोप कार्यक्रम तथा निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमलाई आवश्यक परिमार्जनसहित निरन्तरता दिइनेछ।

८४. ज्येष्ठ नागरिक, गर्भवती महिला, सुत्केरी, अपाङ्गता भएका व्यक्ति,अशक्तता तथा सेवा पहुँचबाट टाढा रहेका नागरिकका लागि स्वास्थ्य सेवा, एम्बुलेन्स सेवा तथा घरदैलो स्वास्थ्य सेवा कार्यक्रमलाई थप प्रभावकारी बनाउदै आवश्यकता अनुसार सहायत सामग्री व्यवस्थापन गरिनेछ।

८५.स्वास्थ्य संस्थाहरू मार्फत थप निःशुल्क औषधि वितरणका लागि पालिका बाट औषधि खरिद, प्रयोगशाला सेवा तथा स्वास्थ्य उपकरणहरूको दायरा विस्तार गर्दै गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ।

८६.महिलाको आर्थिक सशक्तीकरण तथा स्वरोजगार अभिवृद्धिका लागि महिला उद्यमशीलता, सीप विकास, वित्तीय साक्षरता तथा व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

८७.अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति तथा अन्य सीमान्तकृत समुदायको आर्थिक तथा सामाजिक सशक्तीकरणका लागि प्रविधिमैत्री सीप विकास तथा आयआर्जनमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

८८.ज्येष्ठ नागरिकको सम्मान, सुरक्षा तथा सक्रिय सहभागिता सुनिश्चित गर्न ज्येष्ठ नागरिकमैत्री सेवा, स्वास्थ्य प्रवर्द्धन तथा अन्तरपुस्ता सहकार्य कार्यक्रम सञ्चालन गरिनेछ।

८९.बाल संरक्षण प्रणालीलाई सुदृढ बनाउँदै जोखिममा रहेका बालबालिकाको संरक्षण, पुनःस्थापना तथा मनोसामाजिक सहयोग सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

९०.घरेलु हिंसा, लैङ्गिक हिंसा, मानव बेचबिखन तथा आत्महत्याजस्ता सामाजिक समस्याको न्यूनीकरणका लागि रोकथामका लागि , सचेतना, उद्धार तथा परामर्श सेवाको विस्तार गरिनेछ।

९१.खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको दिगो विकासका लागि WASH Plan निर्माण गरी सोही आधारमा योजना, कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन गरिनेछ।

९२."एक घर एक धारा" अभियानलाई चरणबद्ध रूपमा कार्यान्वयन गर्दै सुरक्षित तथा शुद्ध खानेपानीमा सबै नागरिकको पहुँच सुनिश्चित गरिनेछ। साथै मुहान संरक्षण, पानीको गुणस्तर परीक्षण, फोहोर पानी व्यवस्थापन तथा सरसफाइ प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछन्।

९३.बालमैत्री स्थानीय शासनका सूचकहरू पूरा गर्दै गाउँपालिकालाई पूर्ण बालमैत्री स्थानीय तह बनाउने अभियानलाई निरन्तरता दिइनेछ तथा बाल क्लब तथा बाल सञ्जाललाई सशक्ततीकरण गरिनेछ।

९४. विष्णुमाया स्मृति शंखु आधारभूत अस्पतालको दीगो सञ्चालन तथा सेवा विस्तारका लागि अस्पताल सञ्चालन तथा व्यवस्थापन कोष स्थापना गरी आवश्यक स्रोत परिचालन गरिनेछ।

९५. आधुनिक स्वास्थ्य सेवासँगै आयुर्वेद, योग, ध्यान तथा प्राकृतिक उपचार पद्धतिलाई प्रवर्द्धन गर्दै स्वस्थ जीवनशैली विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

९६. स्वास्थ्य संस्थाहरूको सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी तथा प्रविधिमैत्री बनाउन विद्युतीय स्वास्थ्य अभिलेख (Electronic Health Record) तथा डिजिटल स्वास्थ्य सूचना प्रणाली क्रमशः लागू गरिनेछ।

९७. मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्महत्या न्यूनीकरणका लागि मनोसामाजिक परामर्श, सचेतना तथा समुदायमा आधारित सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

९८. बालविवाह, बालश्रम, मानव बेचबिखन, लागुऔषध दुर्व्यसन, लैङ्गिक हिंसा, छुवाछुत तथा अन्य सामाजिक कुरीति विरुद्ध सचेतना, संरक्षण तथा सशक्तीकरणका कार्यक्रम सञ्चालन गरिनेछन्।

९९. महिला सशक्तीकरण, महिला उद्यमशीलता, आर्थिक आत्मनिर्भरता तथा नेतृत्व विकासका कार्यक्रम सञ्चालन गरिनेछन्।

१००. दलित, आदिवासी जनजाति, एकल महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक तथा सामाजिक रूपमा पछाडि परेका समुदायको क्षमता विकास, संरक्षण तथा समावेशी विकासमा विशेष जोड दिइनेछ।

१०१. स्थानीय भाषा, कला, साहित्य, संस्कृति, परम्परा तथा सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र प्रवर्द्धनका लागि कोन्ज्योसोम प्रज्ञा प्रतिष्ठानमार्फत अध्ययन, अनुसन्धान, प्रकाशन, स्रष्टा सम्मान तथा सांस्कृतिक कार्यक्रम सञ्चालन गरिनेछ।

१०२. युवाहरूको नेतृत्व विकास, नवप्रवर्तन, स्वयंसेवा, उद्यमशीलता तथा सामाजिक उत्तरदायित्व अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछन्।

१०३. "राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद" भन्ने भावनालाई आत्मसात गर्दै वार्षिक खेलकुद क्यालेन्डर निर्माण गरी सोही बमोजिम राष्ट्रपति रनिङ शिल्ड, कोन्ज्योसोम कप, अन्तर वडा खेलकुद प्रतियोगिता तथा विद्यालयस्तरीय खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ।

१०४. खेल प्रतिभाको पहिचान, प्रशिक्षण तथा प्रोत्साहनका लागि खेल सामग्री, प्रशिक्षक व्यवस्थापन तथा खेलकुद पूर्वाधारको प्रभावकारी उपयोगमा जोड दिइनेछ।

१०५. सामाजिक विकास क्षेत्रका सम्पूर्ण कार्यक्रमहरूलाई दिगो विकास लक्ष्य, बालमैत्री तथा लैङ्गिक उत्तरदायी शासन, सामाजिक समावेशीकरण, मानव विकास तथा नागरिकमैत्री सेवा प्रवाहको अवधारणासँग आबद्ध गर्दै कार्यान्वयन गरिनेछ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ**

"हरित कोन्ज्योसोम, सुरक्षित बस्ती र दिगो भविष्य" भन्ने अवधारणालाई आत्मसात गर्दै वन, वातावरण संरक्षण, जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणका लागि देहायका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गरिनेछन् :

१०६. आर्थिक वर्ष २०८३/०८४ देखि गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने सबै विकास निर्माण आयोजनाहरूमा लागत अनुमानको १ देखि ५ प्रतिशत रकम जैविक इन्जिनियरिङ (Bio-engineering), भू—संरक्षण, ढल व्यवस्थापन, हरियाली प्रवर्द्धन तथा वातावरणीय संरक्षणसम्बन्धी कार्यका लागि अनिवार्य रूपमा विनियोजन गरी कार्यान्वयन गरिनेछ।

१०७. सामुदायिक, धार्मिक तथा निजी वनहरूको दिगो व्यवस्थापन, संरक्षण र उत्पादकत्व अभिवृद्धिका लागि वन व्यवस्थापन योजनालाई प्रभावकारी कार्यान्वयन गरिनेछ तथा जडीबुटी, गैरकाष्ठ वन पैदावार, बाँस, निगालो, अल्लो, च्याउ तथा अन्य वनजन्य उत्पादनमा आधारित आयआर्जनमूलक कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।

१०८. वन क्षेत्रको संरक्षणसँगै स्थानीय समुदायको आयआर्जन अभिवृद्धि गर्न वन उद्यम, हरित उद्यम तथा प्रकृतिमा आधारित आर्थिक गतिविधिहरूलाई प्रोत्साहन गरिनेछ।

१०९. भूसंरक्षण, जलाधार व्यवस्थापन, नदी तथा खोला किनार संरक्षण, पहिरो नियन्त्रण, भू—क्षय न्यूनीकरण तथा जलउत्पन्न प्रकोप नियन्त्रणका कार्यक्रमहरूलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

११०. जलवायु परिवर्तनका कारण उत्पन्न जोखिम न्यूनीकरण, जैविक विविधता संरक्षण तथा प्राकृतिक स्रोतहरूको दिगो उपयोगका लागि दीर्घकालीन जलवायु अनुकूलन तथा वातावरण व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१११. जलवायु परिवर्तन अनुकूलन (Climate Adaptation) तथा न्यूनीकरण (Mitigation) सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दै कृषि, खानेपानी, वन, जैविक विविधता तथा पूर्वाधार क्षेत्रमा जलवायुमैत्री अभ्यासहरूलाई प्रवर्द्धन गरिनेछ।

११२. गाउँपालिकाको विपद् जोखिम मूल्याङ्कन (Risk Assessment), विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (Preparedness and Response Plan) लाई समयानुकूल अद्यावधिक गरी कार्यान्वयन गरिनेछ।

११३. भूकम्प, बाढी, पहिरो, आगलागी, हावाहुरी, चटयाङ, महामारी लगायतका प्राकृतिक तथा दैविक, मानव सिर्जित विपद्बाट हुने क्षति न्यूनीकरणका लागि पूर्वसूचना प्रणाली, समुदायमा आधारित विपद् व्यवस्थापन तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

११४. वडा तथा बस्तीस्तरमा विपद् व्यवस्थापन समिति, स्वयंसेवक समूह तथा उद्धार टोली गठन एवं क्षमता विकास गरी विपद् प्रतिकार्य प्रणालीलाई थप प्रभावकारी बनाइनेछ।

११५. विपद्बाट प्रभावित नागरिकहरूलाई तत्काल राहत, उद्धार तथा पुनःस्थापनाका लागि गाउँ विपद् व्यवस्थापन कोषलाई थप सुदृढ बनाउँदै राहत वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

११६. २०८१/२०८२ साल असोज महिनाको वर्षाजन्य विपद्बाट प्राप्त सिकाइलाई आत्मसात गर्दै उच्च जोखिमयुक्त बस्ती तथा पूर्वाधारहरूको पहिचान गरी जोखिम न्यूनीकरणका विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

११७. गाउँपालिका क्षेत्रभित्र निस्कने फोहोरमैला व्यवस्थापनलाई व्यवस्थित बनाउन सार्वजनिक—निजी साझेदारी (PPP) अवधारणाअनुसार फोहोर संकलन, वर्गीकरण, पुनःप्रयोग, पुनर्चक्रण तथा सुरक्षित विसर्जन प्रणाली विकास गरिनेछ।

११८. जैविक फोहोरबाट कम्पोष्ट मल उत्पादन तथा अजैविक फोहोरको पुनर्चक्रणलाई प्रोत्साहन गर्दै वातावरणमैत्री फोहोर व्यवस्थापन प्रणाली विकास गरिनेछ।

११९. नल्लु खोला, ठोस्ने खोला, भारदेउ खोला लगायतका नदी तथा जलाधार क्षेत्रहरूको संरक्षण, सरसफाइ तथा जैविक विविधता प्रवर्द्धनका लागि "स्वच्छ खोला अभियान" सञ्चालन गरिनेछ।

१२०. गाउँपालिका क्षेत्रभित्र रहेका पोखरी, मुहान, सिमसार क्षेत्र तथा जलस्रोतहरूको संरक्षण, पुनर्जीवन तथा व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ।

१२१. निर्माणाधीन तथा प्रस्तावित ठूला आयोजना, गाउँ गौरवका आयोजना तथा वातावरणीय प्रभाव पर्न सक्ने परियोजनाहरूमा प्रारम्भिक वातावरणीय परीक्षण (IEE), वातावरणीय अध्ययन तथा वातावरण व्यवस्थापन योजना कार्यान्वयनलाई अनिवार्य गरिनेछ।

१२२. वातावरणीय अध्ययनबाट प्राप्त सुझाव तथा प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

१२३. गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक, धार्मिक, निजी तथा सार्वजनिक वनहरूको नक्साङ्कन, अभिलेखीकरण तथा डिजिटल विवरण तयार गरिनेछ।

१२४. सार्वजनिक, पर्ति, ऐलानी तथा उपयोगविहीन जग्गाको पहिचान गरी संरक्षण, व्यवस्थापन तथा उत्पादनमूलक उपयोगका लागि आवश्यक नीति तथा कानुनी व्यवस्था तर्जुमा गरिनेछ।

१२५. सार्वजनिक—निजी साझेदारी (PPP) अवधारणामार्फत उपयुक्त सार्वजनिक वन/जग्गालाई लिजमा लिई पर्यावरणमैत्री होमस्टे, पार्क, उद्यान, रेष्टुरेन्ट, मनोरञ्जन स्थल तथा आयआर्जनमूलक परियोजना सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।

१२६. कार्बन उत्सर्जन न्यूनीकरण तथा कार्बन वित्त (Carbon Finance) को अवसर उपयोग गर्न REDD+ तथा अन्य जलवायु वित्तसम्बन्धी परियोजनाहरूको अवधारणा विकास गरी संघीय सरकार, प्रदेश सरकार तथा विकास साझेदार निकायहरूसमक्ष परियोजना प्रस्ताव पेश गरिनेछ।

१२७. कार्बन सञ्चिति , वृक्षारोपण, वन संरक्षण तथा हरित विकासका कार्यक्रममार्फत कार्बन व्यापार तथा वातावरणीय सेवाबाट प्राप्त हुने सम्भावित लाभ स्थानीय समुदायसम्म पुऱ्याउन आवश्यक पहल गरिनेछ।

१२८. प्रत्येक वर्ष मनसुनपूर्व जोखिमयुक्त क्षेत्रको निरीक्षण, पहिचान तथा पूर्वतयारी कार्यक्रम सञ्चालन गरी सम्भावित हुने क्षति न्यूनीकरण गरिनेछ।

१२९. विद्यालय, स्वास्थ्य संस्था, सरकारी कार्यालय तथा सार्वजनिक स्थलहरूमा विपद् पूर्वतयारी अभ्यास सञ्चालन गरी विपद् सचेतना अभिवृद्धि गरिनेछ।

१३०. "एक नागरिक, एक बिरुवा" तथा "एक वडा, एक नमूना हरित क्षेत्र" अभियान सञ्चालन गरी वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वातावरण संरक्षणलाई प्राथमिकताका साथ विकास गरिनेछ।

१३१. वातावरण संरक्षण, जलवायु परिवर्तन, विपद् व्यवस्थापन तथा जैविक विविधता सम्बन्धी अनुसन्धान, अध्ययन तथा नवप्रवर्तनलाई प्रोत्साहन गरिनेछ।

१३२. वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमहरूलाई दिगो विकास लक्ष्य, जलवायु अनुकूलन नीति, स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना र गाउँपालिकाको आवधिक योजनासँग आबद्ध गरी कार्यान्वयन गरिनेछ।

१३३. हरित विकास, सुरक्षित बस्ती, वातावरणीय सन्तुलन तथा विपद् प्रतिरोधी कोन्ज्योसोम निर्माण गर्ने दीर्घकालीन लक्ष्यका साथ संघ, प्रदेश, विकास साझेदार, सामुदायिक संस्था तथा निजी क्षेत्रसँग समन्वय र सहकार्यलाई सुदृढ बनाइनेछ।

**सुशासन तथा संस्थागत क्षमता विकास तर्फः**

"सुशासनयुक्त सेवा, जवाफदेही संस्था र समृद्ध स्थानीय शासन" भन्ने मूल मान्यतालाई आत्मसात गर्दै पारदर्शिता, उत्तरदायित्व, सहभागिता, विधिको शासन, वित्तीय अनुशासन, डिजिटल सेवा प्रवाह तथा संस्थागत सुदृढीकरणमार्फत नागरिकलाई गुणस्तरीय, प्रभावकारी र सहज सेवा उपलब्ध गराउने उद्देश्यले देहायका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गरिनेछन्

१३४. **"जनताको पेवा : नजिकमै सेवा"** भन्ने मूल मन्त्रलाई आत्मसात गर्दै गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवालाई छिटो, छरितो, पारदर्शी, प्रविधिमैत्री तथा सेवाग्राहीमैत्री बनाइनेछ।

१३५. गाउँपालिकाको वस्तुस्थिती विवरण (Profile) लाई नीति, योजना तथा बजेट तर्जुमाको आधार दस्तावेजका रूपमा प्रयोग गर्दै नियमित अद्यावधिक तथा डिजिटल प्रकाशन गरिनेछ।

१३६. नागरिकलाई घरदैलोमै सेवा उपलब्ध गराउने उद्देश्यले स्वास्थ्य सेवा, कृषि, पशु, सामाजिक सुरक्षा, व्यक्तिगत घटना दर्ता, आयुर्वेद सेवा, मानसिक स्वास्थ्य सेवा, रोजगार तथा अन्य सार्वजनिक सेवासहितको एकीकृत घुम्ती शिविर सञ्चालन गरिनेछ।

१३७. गाउँपालिका तथा वडा कार्यालयबाट प्रवाह हुने सेवाहरूलाई क्रमशः एकीकृत डिजिटल सेवा प्रणालीमा आबद्ध गरी अनलाइन तथा विद्युतीय माध्यमबाट सेवा प्रवाहको विस्तार गरिनेछ।

१३८. गाउँपालिकाको अभिलेख व्यवस्थापनलाई व्यवस्थित बनाउन डिजिटल अभिलेखीकरण, ई—फाइल प्रणाली तथा सूचना व्यवस्थापन प्रणाली कार्यान्वयन गरिनेछ।

१३९. गाउँपालिका क्षेत्रका सबै घरधुरी, व्यवसाय तथा संस्थाहरूको डिजिटल प्रोफाइल तयार गरी तथ्यमा आधारित योजना तथा सेवा प्रवाह प्रणाली विकास गरिनेछ।

१४०. जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि, नेतृत्व विकास, कार्यसम्पादन सुधार तथा नतिजामुखी कार्यसंस्कृति विकासका कार्यक्रम सञ्चालन गरिनेछ र कार्यसम्पादन सम्झौता गर्ने परिपाटीलाई निरन्तरता दिइनेछ ।

१४१. कर्मचारीहरूको मनोबल अभिवृद्धि तथा सामाजिक सुरक्षाका लागि कर्मचारी कल्याण कोष सञ्चालन गरिनेछ तथा करार कर्मचारीलाई समेत सामाजिक सुरक्षा कोषमा आबद्ध गरिनेछ।

१४२. कार्यसम्पादनमा आधारित मूल्याङ्कन प्रणाली लागू गरी उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारी, शिक्षक, उपभोक्ता समिति तथा संस्थाहरूलाई पुरस्कृत गर्ने व्यवस्था गरिनेछ।

१४३. इमान्दार प्रशासनः सुशासनको पहिचान भन्ने नारा सहित पालिका तथा वडा कार्यालयहरूको संस्थागत क्षमता अभिवृद्धि गर्दै सेवा प्रवाहसँग सम्बन्धित उपयुक्त अधिकार क्रमशः प्रत्यायोजन गरिनेछ।

१४४. न्यायिक समितिको क्षमता अभिवृद्धि गरी मेलमिलापमार्फत छिटो, सहज र निःशुल्क न्याय सम्पादनलाई थप प्रभावकारी बनाइनेछ।

१४५. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्दै पारदर्शिता, जवाफदेहिता तथा वित्तीय अनुशासनलाई संस्थागत गरिनेछ।

१४६. सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा नागरिक सन्तुष्टि सर्वेक्षणलाई अनिवार्य रूपमा सञ्चालन गरिनेछ।

१४७. नागरिक गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाउन डिजिटल गुनासो व्यवस्थापन प्रणाली तथा नागरिक सहायता केन्द्र सञ्चालन गरिनेछ।

१४८. व्यवसाय दर्ता, कर प्रशासन तथा राजस्व प्रशासन व्यवस्थित गर्न आवश्यक कानुन, कार्यविधि तथा राजस्व सुधार योजना कार्यान्वयन गरिनेछ।

१४९. करको दायरा विस्तार, करदाता पहिचान तथा सहभागितामूलक र प्रगतिशील कर प्रणाली विकास गरी आन्तरिक राजस्व अभिवृद्धि गरिनेछ।

१५०. प्यान तथा भ्याट दर्ता प्रक्रियामा व्यवसायीहरूको पहुँच अभिवृद्धि गर्न सम्बन्धित निकायसँग समन्वय गरी  आवश्यक सहजीकरण गरिनेछ।

१५१. उत्कृष्ट करदातालाई सम्मान गर्ने तथा कर सचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

१५२. २०८१ असार १० गते सम्पन्न गाउँसभाको १४ औ अधिवेशनबाट पारित गरिएको जनशक्तिहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M)लाई रास्ट्रिय मापदण्ड २०८२ बमोजिम पुनरावलोकन गर्दै आवश्यक प्रक्रिया अगाडी बढाईनेछ।

१५३. विकास निर्माण तथा सेवा प्रवाहमा नागरिक सहभागिता अभिवृद्धि गर्न टोल विकास संस्था, सहकारी, सामुदायिक संस्था तथा नागरिक समाजसँग सहकार्य गरिनेछ।

१५४. विद्यालय, सहकारी, महिला समूह, उपभोक्ता समिति तथा सामुदायिक संस्थाहरूको संस्थागत सुदृढीकरण र सुशासन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछन्।

१५५. युवाहरूको प्रतिस्पर्धात्मक क्षमता विकासका लागि लोकसेवा आयोग ,शिक्षक सेवा आयोग, सार्वजनिक वक्तृत्वकला, नेतृत्व तथा व्यक्तित्व विकाससम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

१५६. बालमैत्री स्थानीय शासनका सूचकहरू पूरा गर्दै गाउँपालिकालाई पूर्ण बालमैत्री स्थानीय तह घोषणा गर्ने अभियानलाई निरन्तरता दिइनेछ।

१५७. अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, पिछडिएका समुदाय तथा अन्य सीमान्तकृत वर्गको सशक्तीकरण र पहुँच अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछन्।

१५८. गाउँपालिकाको वार्षिक कार्य सञ्चालन पात्रोलाई पूर्ण कार्यान्वयन गरी योजना, बजेट, खरिद , अनुगमन तथा मुल्यांकन प्रणालीलाई समयबद्ध बनाइनेछ।

१५९. गाउँपालिकाको प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमहरूमा थप लगानी आकर्षित गर्न विकास साझेदार, निजी क्षेत्र तथा अन्य सरोकारवालासँग सहकार्य विस्तार गरिनेछ।

१६०. स्थानीय तहबीच अनुभव, प्रविधि, ज्ञान तथा असल अभ्यास आदानप्रदानका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्थानीय सरकारसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ।

१६१. नेपाल रेडक्रस सोसाइटी तथा अन्य साझेदार संस्थासँगको सहकार्यमा आवश्यकताका आधारमा निःशुल्क रगत उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

१६२. गाउँपालिकाको समग्र सेवा प्रवाहलाई तथ्यमा आधारित, नतिजामुखी, पारदर्शी र उत्तरदायी बनाउन नियमित अनुगमन तथा कार्यसम्पादन मूल्याङ्कन प्रणाली लागू गरिनेछ।

१६३. स्थानीय नवप्रवर्तन, अनुसन्धान, उद्यमशीलता तथा सेवा सुधारलाई प्रवर्द्धन गर्न "कोन्ज्योसोम नवप्रवर्तन कार्यक्रम" सञ्चालन गरी उत्कृष्ट अवधारणा तथा परियोजनाहरूलाई कार्यान्वयनमा ल्याइनेछ।

१६४. सुशासन, डिजिटल रूपान्तरण, नागरिक सहभागिता र संस्थागत सुदृढीकरणमार्फत कोन्ज्योसोम गाउँपालिकालाई प्रविधिमैत्री, पारदर्शी, जवाफदेही तथा नमुना स्थानीय सरकारका रूपमा विकास गरिनेछ।

गाउँसभा सदस्यज्यूहरू,

कोन्ज्योसोम गाउँपालिकाको समृद्धि, सुशासन र दिगो विकासको अभियानलाई थप सशक्त बनाउने उद्देश्यका साथ आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गरेको छु।

हाम्रो गाउँपालिकाले अवलम्बन गरेको "कृषि, पर्यटन, संस्कृति, वातावरण र पूर्वाधार : सुशासनयुक्त, सभ्य र समृद्ध कोन्ज्योसोमको आधार" भन्ने दीर्घकालीन सोचलाई आत्मसात गर्दै स्थानीय स्रोत, साधन, सीप, श्रम, प्रविधि र सम्भावनाको अधिकतम परिचालनमार्फत आर्थिक, सामाजिक, सांस्कृतिक तथा भौतिक विकासलाई सन्तुलित, समावेशी र दिगो रूपमा अगाडि बढाउने दृढ संकल्पका साथ यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको हो।

हाल मुलुकले आर्थिक गतिविधिमा आएको सुस्तता, सीमित वित्तीय स्रोत, बढ्दो युवा पलायन, जलवायु परिवर्तनका प्रभाव, विपद्का चुनौती तथा विकास निर्माणप्रतिको बढ्दो जनअपेक्षाको सामना गरिरहेको अवस्था छ। देशको समग्र बजेटको आकार वर्षेनी विस्तार हुँदै गए तापनि स्थानीय तहमा वित्तीय हस्तान्तरण तथा विकास बजेटको अनुपात अपेक्षित रूपमा वृद्धि हुन नसक्दा स्थानीय सरकारहरूको विकास प्रयासमा थप चुनौती थपिएको यथार्थ हामी सबैसामु विद्यमान छ। यस्ता चुनौतीका बीच पनि उपलब्ध स्रोत, साधन र अवसरहरूको विवेकपूर्ण उपयोग गर्दै कोन्ज्योसोमलाई उत्पादन, उद्यमशीलता, रोजगारी, पर्यटन, सुशासन र सेवा प्रवाहको नमुना स्थानीय सरकारका रूपमा स्थापित गर्ने हाम्रो अठोट यथावत रहेको छ।

हाम्रो गाउँपालिकामा विद्यमान कृषि, वन, जैविक विविधता, धार्मिक तथा सांस्कृतिक सम्पदा, पर्यटन, प्राकृतिक स्रोतसाधन र मानव पूँजीको प्रभावकारी परिचालन तथा व्यवस्थापनमार्फत समृद्धि र विकासका नयाँ सम्भावनाहरू सिर्जना गर्न सकिनेमा म पूर्ण विश्वस्त छु। यसका लागि

संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार, निजी क्षेत्र, सहकारी क्षेत्र तथा सम्पूर्ण सरोकारवालाहरूसँगको सहकार्य, समन्वय र साझेदारीलाई अझ सुदृढ बनाउँदै लगिनेछ।

यस नीति तथा कार्यक्रमले उत्पादन र उत्पादकत्व वृद्धि, स्थानीय रोजगारी सिर्जना, युवा उद्यमशीलता प्रवर्द्धन, गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा, दिगो पूर्वाधार विकास, वातावरण संरक्षण, विपद् व्यवस्थापन, डिजिटल सुशासन तथा सामाजिक न्यायलाई प्राथमिकतामा राखेको छ। साथै, नागरिकको अपेक्षा अनुरूप उत्तरदायी, पारदर्शी, प्रविधिमैत्री र जनमैत्री स्थानीय शासन प्रणाली निर्माण गर्ने दिशामा समेत यसले स्पष्ट मार्गनिर्देशन गरेको छ ।

**"समृद्ध कोन्ज्योसोम, सुखी कोन्ज्योसोमवासी"** को साझा सपना साकार पार्न गाउँपालिकाका उपाध्यक्षज्यू, सम्पूर्ण जनप्रतिनिधिज्यूहरू, राजनीतिक दलहरू, राष्ट्रसेवक कर्मचारीहरू, किसान, श्रमिक, युवा, महिला, उद्यमी, शिक्षक, बुद्धिजीवी, सञ्चारकर्मी, सहकारीकर्मी, नागरिक समाज, निजी क्षेत्र, विकास साझेदार संस्था तथा सम्पूर्ण कोन्ज्योसोमवासी दिदीबहिनी तथा दाजुभाइहरूको सक्रिय सहभागिता, रचनात्मक सुझाव, सहयोग र सहकार्यको अपेक्षा गर्दछु।

यस नीति तथा कार्यक्रम तर्जुमा प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पु¥याउनुहुने गाउँसभा सदस्यज्यूहरू, नेपाल सरकार, बागमती प्रदेश सरकार, जिल्ला समन्वय समिति, राजनीतिक दलहरू, विभिन्न सरकारी तथा गैरसरकारी संस्था, विकास साझेदारहरू, सञ्चारमाध्यम, पत्रकार मित्रहरू, बुद्धिजीवी, समाजसेवी, राष्ट्रसेवक कर्मचारीहरू तथा सम्पूर्ण गाउँपालिकावासीप्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमार्फत आत्मनिर्भर, समावेशी, वातावरणमैत्री, सुशासित र समृद्ध कोन्ज्योसोम निर्माणको अभियानमा सबै पक्षको निरन्तर सहयोग, सद्भाव, सहकार्य र ऐक्यबद्धता प्राप्त हुने विश्वास व्यक्त गर्दै आफ्नो मन्तव्य यहीँ समापन गर्दछु।

धन्यवाद !
जय कोन्ज्योसोम !

**कृष्णमान लामा**
**अध्यक्ष**
कोन्ज्योसोम गाउँपालिका

**मिति : २०८३ असार ०९ गते**